ने.रा.बैंक/इ.प्रा./'घ'/२८/०६९/०७०
कम्पनी दर्ता नं. १३४३/०६८/०६९

**एनएमबि लघुवित्त वित्तीय संस्था लि.**
**NMB Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)

च.नं. ८०५१/२०८०।०८१

मिति :२०८१।०२।३१

श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुबाटार, काठमाण्डौ ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

बिषय : एघारौं बार्षिक साधारण सभाको सूचना तथा सो प्रयोजनका लागि शेयरधनि दर्ता किताव बन्द हुने बारेको जानकारी सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा यस एनएमबि लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०२/३१ गते बसेको १६० औं बैठकबाट निर्णय भए बमोजिम यस वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा बस्ने भएको व्यहोरा जानकारी गराउँदछौ । साथै सो प्रयोजनका लागि मिति २०८१ असार ७ गतेदेखि २०८१ असार २१ गतेसम्म यस वित्तीय संस्थाको शेयरधनि दर्ता किताव बन्द रहने निर्णय भएको व्यहोरा जानकारी गराउँदछौ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**
**मिति :** २०८१ साल असार २१ गते, शुक्रबार (तदनुसार ५, जुलाई २०२४)
**समय :** दिउसो ११:३० बजे
**स्थान :** होटल बाराही पोखरा प्रा.लि. पोखरा-६, (लेकसाइड स्टेट नं. ६ बाराहीचोक) कास्की ।

**छलफलका विषयहरु :**
**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

Head Office : Pokhara-25, Milanchowk, Hemja, Kaski
Phone: 977 61 400427, 400477, 400537, 400538 Fax: 977 61 400428
Web: www.nmbmicrofinance.com Post Box No:. 231, Pokhara
E-mail: info@nmbmicrofinance.com

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा। (हाल बहालवाला लेखा परिक्षक श्री एलएसपी एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक तर्फको १ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना सञ्चालकहरुको निर्वाचन गर्ने र स्वतन्त्र सञ्चालकको नियुक्ति तथा एनएमबि बैंकबाट प्रतिनिधित्व गर्ने सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना सम्बन्धी संस्थाको प्रवन्धपत्रको दफा २(१), नियमावलीको नियम २ संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । ( यस सम्वन्धी विवरण बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ )

२. संस्थापक तथा सर्वसाधारण तर्फको शेयर संरचना सम्वन्धी प्रवन्धपत्रको दफा ६(ङ) र ६(च) तथा नियमावलीको **३१(क)** संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (( यस सम्वन्धी विवरण बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ )

३. सञ्चालक समिति सम्वन्धी संस्थाको नियमावलीको नियम २७(२) र (४) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । ( यस सम्वन्धी विवरण बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ )

४. **यस वित्तीय संस्थाले** नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयूक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्नकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

१. **एघारौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८१ असार ७ गतेदेखि २०८१ असार २१ गतेसम्म वित्तीय संस्थाको शेयर दाखिला खारेजीको काम बन्द रहने छ।** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा **मिति २०८१ असार ६ गतेसम्म कारोबार भई** तोकिएको समयभित्रमा यस वित्तीय संस्थाको शेयर

लघुवित्त वित्तीय संस्था लि. NMB केन्द्रीय कार्यालय NMB Laghubitta Bittiya Sanstha Ltd.

रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार काठमाडौबाट प्राप्त नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

२. निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुने र निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्यक्रमहरु मिति २०८१/०३/१५ गते दिनको ११:०० बजे यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पोखरा -८, न्यूरोड, कास्कीको सूचना पाटीमा टाँस गरिनेछ ।

सूर्य बहादुर थापा
कम्पनी सचिव

बोधार्थ :

१. नेपाल राष्ट्र बैंक,
लघुवित्त संस्था सुपरिवेक्षण बिभाग,
बालुवाटार, काठमाण्डौ ।

२. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

३. श्री एनएमबि क्यापिटल लि.
बालुवाटार काठमाण्डौ ।